# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाण्डौ पुस ८ गते २०५३ साल (अतिरिक्ताङ्क ५०

## भाग ३

श्री ५ को सरकार

### सूचना तथा संचार मन्त्रालयको सूचना

### श्रमजीवी पत्रकार सम्बन्धी नियमावली, २०५३

श्रमजीवी पत्रकार सम्वन्धी ऐन, २०५१ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएकोछ ।

#### परिच्छेद-१
#### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "श्रमजीवी पत्रकार सम्बन्धी नियमावली, २०५३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ सम्झनु पर्छ ।

(ख) "पद" भन्नाले पत्रिका व्यवस्थापनमा दरवन्दी रहेको पद सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले पत्रिका व्यवस्थापनको कार्यालय सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "कल्याणकारी कोष" भन्नाले नियम २७ बमोजिम खडा गरिएको कल्याणकारी कोष सम्झनु पर्छ ।

## परिच्छेद-२
## पदको वर्गीकरण, नियुक्ति तथा बढुवा

३. पदको वर्गीकरण गर्नु पर्नेः व्यवस्थापकले कार्यालयको कामको प्रकृतिको आधारमा श्रमजीवी पत्रकारहरुको पद वर्गीकरण गर्नु पर्नेछ । त्यसरी पद वर्गीकरण गर्दा कुन पद खुल्ला प्रतियोगिता र कुन पद आन्तरिक बढुवाद्वारा पूर्ति गरिने हो सो कुरा समेत खुलाउनु पर्नेछ ।

४. श्रमजीवी पत्रकारको पदपूर्तिः नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापकले पत्रिका व्यवस्थापनमा रिक्त रहेका सबै पदहरु पहिलो पटक खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नु पर्नेछ ।

५. विज्ञापन गर्नु पर्नेः (१) व्यवस्थापकले रिक्त पद पूर्तिको लागि विज्ञापन गर्दा सर्वसाधारणले थाहा पाउने गरी राष्ट्रिय स्तरको कुनै एक पत्रपत्रिका, रेडियो वा टेलिभिजनबाट कम्तीमा एक महिनाको अवधि तोकी विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विज्ञापन गर्दा पदपूर्ति गर्नु पर्ने पद र सो पदको संख्या, स्थायी वा अस्थायी, आवश्यक न्यूनतम शैक्षिक योग्यता, अनुभव, कामको किसिम, परीक्षाको किसिम, दरखास्त दस्तुर, उमेरको हद, नागरिकता, दरखास्त दिने अन्तिम मिति, परीक्षा हुने मिति, समय र स्थान आदि कुराहरु त्यस्तो विज्ञापनमा स्पष्ट रुपमा खुलाएको हुनु पर्नेछ ।

६. प्रतियोगिताको किसिम र छनौटः (१) पत्रिका व्यवस्थापनमा रिक्त रहेको कुनै पदको लागि लिखित तथा प्रयोगात्मक परीक्षा र अन्तरवार्ता लिई श्रमजीवी पत्रकार छनौट गर्न सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमजीवी पत्रकारको कुनै पदको कामको प्रकृति हेरी कुन पदको लागि कति किसिमको प्रतियोगिता गराउने भन्ने कुरा पत्रिका व्यवस्थापनले निर्धारण गर्न सक्नेछ ।

७. नतिजा प्रकाशन गर्नुपर्नेः (१) पत्रिका व्यवस्थापनले लिखित परीक्षा लिएको मितिले साधारणतयाः एक महीना भित्र परीक्षाको नतिजा प्रकाशन गर्नु पर्नेछ ।

८. अन्तरवार्ताः पत्रिका व्यवस्थापनले सामान्यतया लिखित परीक्षाको नतिजा प्रकाशन भएको मितिले एक महीना भित्र परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको अन्तरवार्ता लिनु पर्नेछ ।

६५४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. **योग्यताक्रम, सिफारिश र नियुक्तिः** (१) पत्रिका व्यवस्थापनले उम्मेदवारको अन्तरवार्ता लिएको मितिले १५ दिन भित्र योग्यताक्रम प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम योग्यताक्रममा सिफारिश भएका उम्मेदवारहरुलाई व्यवस्थापकले श्रमजीवी पत्रकारमा नियुक्ति गर्नेछ ।

१०. **प्रतिक्षा सूची प्रकाशन गर्नु पर्नेः** (१) पत्रिका व्यवस्थापनले भर्नाको लागि योग्यताक्रम सिफारिश गर्दा पदको अनुपातमा पच्चीस प्रतिशतसम्म र कम्तीमा एकजनासम्म प्रतिक्षा सूचीमा योग्यताक्रम अनुसार उम्मेदवारको नाम प्रकाशन गर्नु पर्नेछ ।

(२) योग्यताक्रममा परेका उम्मेदवारको क्रममा सिफारिश भएका उम्मेदवारले एक महिनाभित्र नियुक्तिपत्र लिन नआएमा वा नियुक्तिपत्र लिई बिना सूचना कार्यालयमा अनुपस्थित भएमा वा नियुक्तिपत्र लिई परीक्षणकाल भित्र सेवा छाडी गएमा व्यवस्थापकले प्रतिक्षा सूचीमा रहेका योग्यताक्रमानुसारका व्यक्तिलाई नियुक्ति दिनु पर्नेछ ।

११. **बढुवाद्वारा पूर्ति गरिनेः** (१) व्यवस्थापकले नियम ३ बमोजिम बढुवाद्वारा पूर्ति गर्न छुट्याएका पदहरु पत्रिका व्यवस्थापनमा सो पदभन्दा एक तह मुनीको पदमा चार वर्ष सेवा अवधि पूरा गरेको श्रमजीवी पत्रकारहरु मध्येबाट निजहरुको कार्यक्षमता र जेष्ठताको आधारमा बढुवा गरी पूर्ति गर्नु पर्नेछ ।

## परिच्छेद-३
## बिदा सम्बन्धी व्यवस्था

१२. **सार्वजनिक बिदाः** (१) श्रमजीवी पत्रकारले व्यवस्थापकले तोके बमोजिमको सार्वजनिक बिदा पाउनेछ ।

(२) सार्वजनिक बिदाको दिनमा श्रमजीवी पत्रकारलाई पत्रिका व्यवस्थापनको काममा लगाउनु परेमा सो दिनको सट्टा बिदा दिइनेछ । त्यसरी सट्टा बिदा दिन नसकिने भएमा निजलाई काम गरेको दिनको तलब दिइनेछ ।

(३) सार्वजनिक बिदामा बस्ने श्रमजीवी पत्रकारले पूरा तलब पाउनेछ ।

(४) सार्वजनिक बिदा संचित गर्न पाइने छैन ।

१३. **भैपरी आउने र पर्व बिदाः** (१) श्रमजीवी पत्रकारले प्रत्येक वर्ष भैपरीआउने बिदा ६ दिन र पर्व बिदा ६ दिन गरी जम्मा १२ दिन बिदा लिन पाउनेछ ।

(२) भैपरीआउने बिदा र पर्व बिदा आधा दिन पनि लिन पाइनेछ ।

(३) भैपरीआउने र पर्व बिदामा बस्ने श्रमजीवी पत्रकारले पूरा तलब पाउनेछ ।

(४) भैपरी आउने र पर्व बिदा संचित गरी अर्को वर्ष लिन पाइने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. घर बिदाः (१) श्रमजीवी पत्रकारले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले घर बिदा पाउनेछ ।

(२) श्रमजीवी पत्रकारले घर बिदामा बस्दा पूरा तलब पाउनेछ ।

(३) घर बिदा र वेतलबी बिदामा बसेको श्रमजीवी पत्रकारले सो अवधिको घर बिदा पाउने छैन ।

(४) वर्षको एक पटक कम्तीमा सात दिन घर बिदा लिई घर जाँदा र बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा पैदलको बाटोलाई आठ कोषको निमित्त एक दिनको दरले हुने दिन तथा मोटर, रेल, हवाइजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद पाउनेछ ।

१५. बिरामी बिदाः (१) श्रमजीवी पत्रकारले प्रत्येक वर्ष बाह्र दिन बिरामी बिदा पाउनेछ ।

(२) बिरामी बिदामा बस्दा श्रमजीवी पत्रकारले पूरा तलब पाउनेछ ।

(३) बेतलबी बिदामा बसेको अवधीमा श्रमजीवी पत्रकारले बिरामी बिदा पाउने छैन ।

१६. सुत्केरी बिदाः (१) महिला श्रमजीवी पत्रकारले सुत्केरीको अघि पछि गरी साठी दिन सुत्केरी बिदा लिन पाउनेछ ।

(२) सुत्केरी बिदा सेवा अवधि भर दुईपटक भन्दा बढी पाइने छैन ।

(३) महिला श्रमजीवी पत्रकारले सुत्केरी बिदा बस्दा पूरा तलब पाउनेछ ।

१७. किरिया बिदाः (१) कुनै श्रमजीवी पत्रकारले कुल धर्म अनुसार आफैं किरिया बस्नु परेमा पन्ध्र दिन किरिया बिदा पाउनेछ । महिला श्रमजीवी पत्रकारको पतिले किरिया बस्नु परेमा निजले पनि त्यतिनै दिन किरिया बिदा पाउनेछ ।

(२) श्रमजीवी पत्रकारले किरिया बिदामा बस्दा पूरा तलब पाउनेछ ।

१८. बेतलवी बिदाः (१) पत्रिका व्यवस्थापनमा पाँच वर्ष स्थायी सेवा गर्ने श्रमजीवी पत्रकारले एक पटकमा एक वर्षमा नबढाई र नोकरी अवधी भरमा तीन वर्षसम्म वेतलबी बिदा पाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बेतलवी बिदामा बस्ने श्रमजीवी पत्रकारको बिदामा बसेको समय नोकरी अवधिमा गणना हुने छैन र सो अवधिमा निजले पारिश्रमिक पनि पाउने छैन ।

१९. घर बिदा र बिरामी बिदा संचित गर्न पाउनेः (१) श्रमजीवी पत्रकारले घर बिदा एकसय बीस दिनसम्म र बिरामी बिदा जतिसुकै पनि सञ्चित गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै कारणले श्रमजीवी पत्रकार सेवाबाट अलग भएमा उपनियम (१) बमोजिम सञ्चित भएको घर बिदा र बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ ।

(३) उपनियम (२) बमोजिमको रकम लिन नपाउँदै त्यस्तो श्रमजीवी पत्रकारको मृत्यु भएमा त्यसरी संचित भएको घर बिदा र बिरामी बिदा बापतको रकम निजले इच्छाएको व्यक्तिले र त्यस्तो व्यक्ति नभएमा निजको नजीकको हकदारले पाउनेछ ।

२०. बिदा माग गर्ने विधिः श्रमजीवी पत्रकारले व्यवस्थापकसंग लिखित रुपमा बिदा माग गर्नु पर्नेछ ।

तर भैपरीआउने र पर्व बिदा मौखिक रुपमा पनि लिन सकिनेछ ।

२१. बिदा स्वीकृत गर्ने अधिकारीः श्रमजीवी पत्रकारको बिदा सम्बन्धित व्यवस्थापकले स्वीकृत गर्नेछ ।

२२. बिदा नलिई अनुपस्थित हुने उपर कारबाहीः बिदा नलिई कार्यालयमा अनुपस्थित हुने श्रमजीवी पत्रकारलाई गयल र तलब कट्टी गरी विभागीय कारबाही समेत गर्न सकिनेछ । त्यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

२३. बिदा अधिकारको कुरा होइनः श्रमजीवी पत्रकारको लागि बिदा अधिकारको कुरा होइन सहुलियत मात्र हो ।

## परिच्छेद-४
## पारिश्रमिक तथा सुविधा

२४. पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समितिको काम, कर्तव्य र अधिकारः ऐनमा लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) श्रमजीवी पत्रकारले ऐन वा यस नियमावली बमोजिम पाउने पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण गर्ने सम्बन्धमा श्री ५ को सरकारलाई आवश्यक सिफारिश गर्ने ।

(ख) समितिले खण्ड (क) बमोजिम सिफारिश गर्दा प्रचलित बजार मूल्य स्थितिको अध्ययन, पुनरावलोकन एवं देशको

६५६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्तमान आर्थिक, मौद्रिक तथा सामाजिक परिवेश र पत्रिका व्यवस्थापनले दिन सक्ने क्षमतालाई समेत दृष्टिगत गर्नु पर्नेछ ।

(ग) समितिले श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक, वा अन्य सुविधाहरु निर्धारण गर्ने सम्बन्धमा श्री ५ को सरकारलाई सल्लाह र सुझाव दिदा संम्बन्धित विशेषज्ञको राय लिन सक्नेछ ।

२५. वार्षिक तलब वृद्धिः श्रमजीवी पत्रकारले पत्रिका व्यवस्थापनमा एक वर्षको सेवा अवधि पूरा गरेपछि एक दिनको तलबमा नघटाई मासिक तलबमा थप गरी तलब वृद्धि पाउनेछ ।

२६. पारिश्रमिक कट्टी हुने रकमको हद, तरिका र म्यादः (१) ऐनको दफा १५ को उपदफा (२) बमोजिम कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक कट्टी गर्नु पर्दा देहायका कुराहरुको अधिनमा रही कट्टी गर्नु पर्नेछः-

(क) लागेको जरिवाना वा गैर हाजिर बापत कट्टी गर्नु पर्दा प्रत्येक पटक पाउने पारिश्रमिकको तेत्तीस प्रतिशतको दरले नबढाई त्यस्तो जरिवाना वा गैर हाजिर बापत कट्टी गर्नु पर्ने रकम असुल नभएसम्म,

(ख) जानीजानी वा लापरबाही साथ काम गर्दा पत्रिका व्यवस्थापनलाई पुग्न गएको नोक्सानी बापत कट्टी गर्नु पर्दा प्रत्येक पटक पच्चीस प्रतिशतको दरमा नबढाई त्यस्तो कट्टी गर्नु पर्ने रकम असूल नभएसम्म,

(ग) पारिश्रमिकबाट कट्टी हुने गरी अघि दिएको पेश्की रकम कट्टी गर्नु पर्दा पत्रिका व्यवस्थापन र श्रमिजीवी पत्रकार बीच कुनै शर्त भएकोमा सोही आधारमा र त्यसरी कुनै शर्त नगरेको भए प्रत्येक पटक पाउने पारिश्रमिकको पच्चीस प्रतिशतका दरमा नबढाई त्यस्तो पेश्की रकम असुल उपर नभएसम्म,

(घ) सरकारी अड्डा वा अदालतको आदेश बमोजिम तिर्नु बुझाउनु पर्ने वा प्रचलित कानून बमोजिम लाग्ने आयकर वा अन्य कुनै प्रकारको रकम कट्टी गर्नु पर्दा त्यस्तो आदेशमा म्याद किटान भएको भए सोही म्याद भित्र चुक्ता गर्न आवश्यक पर्ने जति प्रतिशतको दरले र म्याद किटान

६९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नभएकोमा प्रत्येक पटक पाउने पारिश्रमिकको पचास प्रतिशतको दरमा नबढाई त्यस्तो आदेश बमोजिम असुल उपर नभएसम्म ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै श्रमजीवी पत्रकारबाट असुल उपर गर्नु पर्ने कुनै रकम कट्टी नहुँदै निजको मृत्यु भएमा वा कुनै कारणबाट पत्रिका व्यवस्थापनको सेवाबाट अवकाश पाएमा निजबाट असूल गर्न बाँकी भए जति रकम पत्रिका व्यवस्थापनबाट निजले पाउने रकम भएमा सोही रकमबाट कट्टा गरी असुल उपर गरिनेछ ।

२७. **कल्याणकारी कोष खडा गर्नु पर्ने:** (१) पत्रिका व्यवस्थापनमा काम गर्ने श्रमजीवी पत्रकारहरुको हक, हित र सुरक्षाको लागि व्यवस्थापकले एउटा कल्याणकारी कोष खडा गर्नु पर्नेछ ।

(२) पत्रिका व्यवस्थापनमा प्रत्येक वर्ष नाफा भएको रकमको पाँच प्रतिशतका दरले हुने रकम व्यवस्थापकले त्यस्तो कल्याणकारी कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) व्यवस्थापकले कल्याणकारी कोषमा रहने रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) कल्याणकारी कोषको संचालन व्यवस्थापक र व्यवस्थापकले तोकेको कुनै श्रमजीवी पत्रकारको संयुक्त दस्तखतबाट हुनेछ ।

२८. **कल्याणकारी कोषको प्रयोग:** पत्रिका व्यवस्थापनले कल्याणकारी कोषको रकम देहायका काममा खर्च गर्न सक्नेछ:-

(क) श्रमजीवी पत्रकार वा तिनका परिवारका सदस्यहरु विरामी भई वा तत्काल दुर्घटना घटी आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने भएमा,

(ख) श्रमजीवी पत्रकारलाई असाधारण परिस्थिति परी आएमा सहुलियत दरमा सापटी दिन,

(ग) श्रमजीवी पत्रकारहरुको बालबालिकालाई शिक्षाको लागि आवश्यक व्यवस्था गर्न,

(घ) श्रमजीवी पत्रकारको हकहित र सुरक्षाको सम्बन्धमा पत्रिका व्यवस्थापनले उपयुक्त ठहर्‍याएको अन्य कुनै विषयमा ।

६३३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. **संचय कोष:** स्थायी श्रमजीवी पत्रकारलाई निजले खाईपाई आएको तलबबाट प्रत्येक महिनामा दश प्रतिशत रकम कट्टा गर्री पत्रिका व्यवस्थापनले सो रकममा शत प्रतिशत थपी निजको नाममा संचय कोष जम्मा गर्नु पर्नेछ।

३०. **उपचार खर्च:** श्रमजीवी पत्रकारले पत्रिका व्यवस्थापनमा काम गरे बापत प्रत्येक वर्षको अन्त्यमा आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम उपचार खर्च बापत पाउनेछ।

३१. **उपदान:** पाँच वर्ष वा सो भन्दा बढी समय पत्रिका व्यवस्थापनमा स्थायी सेवा गर्ने श्रमजीवी पत्रकारले आफूले काम गरेको अवधि अनुसार देहाय बमोजिम उपदान पाउनेछ :-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेको श्रमजीवी पत्रकारले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आधा महिनाको तलब,

(ख) दश वर्षदेखि पन्ध्र वर्षसम्म सेवा गरेको श्रमजीवी पत्रकारले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त एक महिनाको तलब,

(ग) पन्ध्र वर्षदेखि बढी सेवा गरेको श्रमजीवी पत्रकारले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त डेढ महिनाको तलब।

३२. **दशैं खर्च:** श्रमजीवी पत्रकारले प्रत्येक वर्ष निजले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम पत्रिका व्यवस्थापनबाट दशैं खर्च बापत पाउनेछ।

३३. **दैनिक तथा भ्रमण भत्ता बापतको सुविधा:** श्रमजीवी पत्रकारले कार्यालयको कामको शिलसिलामा कुनै ठाउँमा भ्रमण गर्नु परेमा सो ठाँउमा जाँदा र आउँदाको सवारी खर्च र सो ठाउँमा बस्दा लाग्ने खाना खर्च बापत व्यवस्थापकले तोके बमोजिमको रकम पत्रिका व्यवस्थापनबाट दैनिक तथा भ्रमण भत्ताको रूपमा पाउनेछ।

३४. **बीमाको सुविधा:** व्यवस्थापकले प्रत्येक श्रमजीवी पत्रकारको बीमाको व्यवस्था गर्नु पर्नेछ।

600



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. **अवकाश पाउने श्रमजीवी पत्रकारले पाउने सुविधा:** ऐनको दफा २२ र २३ बमोजिम अवकाश पाउने श्रमजीवी पत्रकारलाई निजले सेवा गरेको प्रत्येक वर्षको निमित्त नियम ३१ मा तोकिए बमोजिमको उपदान सरहको सुविधा दिनु पर्नेछ । कुनै श्रमजीवी पत्रकारले पाँचवर्ष भन्दा कम अवधि पत्रिका व्यवस्थापनमा सेवा गरेको भए निजले पाँचवर्ष सेवा गरेको मानी सोही अनुपातमा निजलाई सुविधा दिनु पर्नेछ ।

३६. **बढी समय काम गरे बापत पाउने सुविधा:** व्यवस्थापकले श्रमजीवी पत्रकारलाई कार्यालय समय बाहेक बढी समय पत्रिका व्यवस्थापनको काममा लगाएमा त्यसरी बढी समय काममा लगाए बापत निजले पाउने एक दिनको पारिश्रमिकको रकमलाई दामासाहीले हिसाब गरी जति समय बढी काम लगाइएको छ सोही आधारमा थप सुविधा दिनु पर्नेछ ।

## परिच्छेद-५
## आचरण

३७. **समय पालन र नियमितता:** श्रमजीवी पत्रकारले निर्धारित समयमा कार्यालय वा आफ्नो कार्यक्षेत्रमा हाजिर हुनु पर्दछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कामबाट अनुपस्थित हुनु हुँदैन ।

३८. **अनुशासन र आज्ञापालन:** (१) श्रमजीवी पत्रकारले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताको साथ पालन गर्नु पर्दछ ।

(२) श्रमजीवी पत्रकारले पत्रिका व्यवस्थापन र समाचार संकलन सम्बन्धी कुरा शिघ्रताकासाथ पूरा गर्नु पर्दछ ।

(३) श्रमजीवी पत्रकारले आफूभन्दा माथिको श्रमजीवी पत्रकारसंग आदर र आफू मुनिका व्यक्तिलाई उचित व्यवहार गर्नु पर्दछ ।

३९. **पत्रिका व्यवस्थापनको आलोचना गर्न नहुने:** (१) पत्रिका व्यवस्थापनको नीतिको विपरित हुने गरी वा पत्रिका व्यवस्थापन वा पत्रिका र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्र वा क्षेत्रको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि श्रमजीवी पत्रकारले आफ्नो बास्तविक वा काल्पनिक नामबाट वा वेवारिश कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन ।

601



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र पत्रिका व्यवस्थापनको नीति विपरित नहुने गरी लेख प्रकाशन वा प्रशारण गर्न बाधा पर्ने छैन ।

४०. पत्रिका व्यवस्थापन सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्धः श्रमजीवी पत्रकारले पत्रिका व्यवस्थापनद्वारा अख्तियार नपाई आफूले पत्रिकाको व्यवस्थापकीय वा समाचार संकलन सम्बन्धी कार्य गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय, आफूले लेखेको वा संकलन गरेको कुनै कागज पत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत व्यक्ति वा प्रेसलाई दिनु वा बताउनु हुँदैन ।

४१. दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्धः (१) पत्रिका व्यवस्थापन वा पत्रिकामा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि श्रमजीवी पत्रकारले पत्रिका व्यवस्थापनको पूर्व स्वीकृति बिना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोशेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा समाचार संकलनको कार्यसंग सम्बन्धित व्यक्तिसंग सापटी लिन हुँदैन ।

(२) श्रमजीवी पत्रकारले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले पत्रिका व्यवस्थापकलाई खबर दिई निकासा भए बमोजिम गर्नु पर्छ ।

४२. प्रदर्शन र हड्ताल गर्नमा प्रतिबन्धः श्रमजीवी पत्रकारले नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी, देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको निर्णयको अवहेलना हुने गरी, विभिन्न जात जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरु बीच वैमनस्य उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्न, हड्तालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उकास्न समेत हुँदैन ।

४३. हड्ताल थुनछेक तथा घेराउ गर्नमा प्रतिबन्धः श्रमजीवी पत्रकारले कुनै पनि व्यवस्थापक वा कर्मचारी वा श्रमजीवी पत्रकारको कानून नियमद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा बिरोध हुने गरी हड्ताल वा कलम बन्द गर्न तथा शारीरिक वा मानसिक चोट पुग्ने गरी दबाब दिन वा सो गर्ने उद्देश्यले अरुलाई उकास्न समेत हुँदैन ।

662



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४. आफ्नो सेवा र पद अनुसारको आचरण पालन गर्नु पर्नेः प्रत्येक श्रमजीवी पत्रकारले आफ्नो सेवा र पद अनुकूलको आचरण समेत पालन गर्नु पर्दछ ।

४५. मादक पदार्थ सेवन गर्न नहुँनेः श्रमजीवी पत्रकारले मादक पदार्थ सेवा गरी कार्यालयमा उपस्थित हुन र पेशा सम्बन्धी कामको सिलसिलामा मादक पदार्थ सेवन गरी हुलहुज्जत गरी पत्रिका र व्यवस्थापनको बदनाम गर्नु हुँदैन ।

## परिच्छेद-६
## विविध

४६. समिति गठन गर्नेः श्रमजीवी पत्रकारले ऐनको दफा २४ मा उल्लेख भए बमोजिम उजुर गर्नको लागि श्री ५ को सरकारले देहायका सदस्यहरु रहेको एक समिति गठन गर्नेछः-

(क) सूचना तथा संचार मन्त्रालयले तोकेको व्यक्ति -अध्यक्ष
(ख) प्रतिनिधि, श्रमजीवी पत्रकार सम्बन्धी संघ -सदस्य
(ग) प्रतिनिधि, नेपाल पत्रकार महासंघ -सदस्य

(२) उपनियम (१) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैंले निर्धारण गर्नेछ ।

४७. कर्मचारीको नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्थाः पत्रिका व्यवस्थापनमा काम गर्ने कर्मचारीहरुको नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था श्रमजीवी पत्रकार सरह हुनेछ ।

आज्ञाले,

**भोजराज पोखरेल**
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

608

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।